# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, ज्येष्ठ ३१ गते २०२८ साल [ संख्या ९

श्री ५ को सरकार

### अञ्चलाधीशको कार्यालय वाग्मती अञ्चलको

### सूचना

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी तल सहीछाप गर्ने अधिकारीले भारतबाट मट्टितेल झिकाई काठमाडौं उपत्यकाभित्र बिक्री वितरण गर्ने डीलरहरूले देहायमा लेखिएका शर्त बन्देजहरूका अधीनमा रही बिक्री वितरण गर्न पाउने गरी यो आदेश जारी गरेको छ ।

१. मट्टितेलको अभाव हुन नदिन कम्पनीहरूबाट डीलरहरूले समयमै मट्टितेल झिकाई बजारमा प्राप्त गराउनु पर्ने ।

२. श्री ५ को सरकारले चाहेका समयमा दिन सक्ने गरी मट्टितेल ग्यालन ५०० मा नघटाई स्टक राख्नु पर्ने ।

३. ग्रामीण क्षेत्रमा बिक्री गर्नुको लागि डीलरले ल्याएको सबै मट्टितेलको ३३ प्रतिशत अन्चलाधीश कार्यालयले तोकी दिएको ब्यक्ति वा संस्थालाई बिक्री गर्ने ।

४. डीलरहरूले उपत्यकाको शहरी क्षेत्रमा मट्टितेल बिक्री गर्ने एरिया र सबडीलरको नाम खोली यस कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दिई सक्नु पर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

925

५. सबडीलरहरूले कालोबजार गरेमा, बढी मुनाफा खाएमा वा मट्टितेल लुकाएमा डील हरूले पनि त्यस दोषका लागि पूरा जिम्मेदार हुनु पर्ने ।

६. माथि लेखिएका शर्त बन्देजका अधीनमा रही मट्टितेलको बिक्री वितरण गर्न असमर्थ हुने डीलरले यो सूचना प्रकाशित भएको ७ दिनभित्र आफ्नो असमर्थता प्रकट गरी यस कार्यालयमा सूचना दिनु पर्ने ।

सरदार विष्णुमणि आचार्य
मुख्य अञ्चलाधीश

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२०